# शारदा राजपत्र

## शारदा नगरपालिका द्वारा प्रकाशित

**खण्ड ८** **संख्या ४७** **मिति २०८१।१२।२९**


# भाग २

**शारदा नगरपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको लागी प्रकाशन गरीएको छ ।**

<u>गाउँ घर बाली/पशुपन्छी उपचार केन्द्र सञ्चालन कार्यविधि, २०८१</u>

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१२/२५**
**प्रमाणीकरण मितिः २०८१/१२/२८**

**प्रस्तावनाः**

बाली बिरुवा तथा पशुपन्छीमा रोग, किरा र अन्य समस्याहरुको कारणहरुले गर्दा उत्पादनमा वर्षेनी १५-२०% सम्म ह्रास भएको विभिन्न अनुसन्धानले देखाएको छ । कृषकहरुले बाली बिरुवा तथा पशुपन्छीहरुका समस्याहरुको उपयुक्त तवरबाट उपचार प्राप्त गर्न सकिरहेका छैनन् । स्थानीय स्तरमा बाली/पशुपन्छीका रोग किराको व्यवस्थापनमा दक्ष प्राविधिकको कमी, कृषि/पशु प्रसार सेवाको सानो फैलावट र सेवा प्रदायक विषादी/औषधी बिक्रेताहरुको सेवा समेत प्रभावकारी नरहेको अवस्था छ । फलस्वरूप किसानहरुले विषादी/औषधी कति मात्रामा प्रयोग गर्ने र कसरी प्रयोग गर्ने भन्ने ज्ञान सीपको अभाव विद्यमान रहेको छ । यस कारण एकातिर कृषकहरुको लगानी खेर गैरहेको छ भने अर्कोतर्फ समयमा नै समस्या समाधान नहुनु र विषादी/औषधीको प्रयोगले मानिस, जीवजन्तु र वातावरणमा समेत नकारात्मक असर परिरहेको छ । तसर्थ एउटा परीक्षण तथा सत्य तथ्यमा आधारित गुणस्तरीय एवम् भरपर्दो बाली/पशुपन्छी उपचार पद्धतिको आवश्यकता टड्कारो छ, जसको समाधान भनेको बाली/पशुपन्छी उपचार केन्द्र (Plant /Livestock Clinic Center) हो । गाउँ घर बाली/पशुपन्छी उपचार केन्द्र एउटा यस्तो थलो हो, जहाँ कृषकहरुले आफ्नो बाली/पशुपन्छीमा लागेका रोग, किरा तथा अन्य समस्याको बोट बिरुवा/पशुपन्छीको नमूना केन्द्रमा ल्याई बाली/पशुपन्छीको स्थलगत रुपमा समस्या पहिचान तथा समाधानका उपायहरु बारे सल्लाह प्राप्त गर्दछन्। कृषकको बाली/पशुपन्छीमा देखा पर्ने समस्याहरुको स्थलगत रुपमा विज्ञहरुको सेवा मार्फत समाधानका लागि शारदा नगरपालिकाको नीति तथा कार्यक्रममा अन्तरनिहित भावना अनुरुप वार्षिक कार्यक्रममा स्वीकृत विभिन्न स्थानहरुमा गाउँ घर बाली/पशुपन्छी उपचार केन्द्र सञ्चालन कार्यक्रम कार्यान्वयनका लागि कार्यपालिकाले यो गाउँ घर बाली/पशुपन्छी उपचार केन्द्र सञ्चालन कार्यविधि, २०८१ तयार गरी जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम **गाउँ घर बाली/पशुपन्छी उपचार केन्द्र सञ्चालन कार्यविधि, २०८१** रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा, विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(१) "प्लान्ट क्लिनिक विशेषज्ञ" भन्नाले गाउँ घर बाली उपचार शिवीर सञ्चालन सम्बन्धी तालिम प्राप्त नेपाल कृषि/प्रदेश कृषि वा स्थानीय कृषि सेवाको रा.प.तृतीय श्रेणी वा सो सरहको तहमा कार्यरत कर्मचारीलाई जनाउँदछ ।

(२) "एनिमल क्लिनिक विशेषज्ञ" भन्नाले गाउँ घर पशुपन्छी उपचार केन्द्र सञ्चालन सम्बन्धी तालिम प्राप्त नेपाल कृषि/प्रदेश कृषि वा स्थानीय कृषि सेवाको रा.प.तृतीय श्रेणी वा सो सरहको तहमा कार्यरत कर्मचारीलाई जनाउँदछ ।

(३) "प्लान्ट क्लिनीक सञ्चालक" भन्नाले गाउँ घर बाली उपचार शिविर सञ्चालन तालिम प्राप्त प्राविधिक कर्मचारी वा कृषक सहजकर्तालाई जनाउनेछ।

(४) "एनिमल क्लिनीक सञ्चालक" भन्नाले गाउँ पशुपन्छी उपचार केन्द्र सञ्चालन तालिम प्राप्त प्राविधिक कर्मचारी वा कृषक सहजकर्तालाई जनाउनेछ।

**३. गाउँ घर बाली/पशुपन्छी उपचार केन्द्र (प्लाण्ट/एनिमल क्लिनीक) को उद्देश्यः**

(१) कृषकको बालीमा रोग किरा तथा अन्य समस्याहरुको सहि पहिचान गरी समयमै उपयुक्त प्रविधि सिफारिस गर्ने।

२) गाँउ स्तरमा पशुपन्छीमा रोग पहिचान तथा उपचार सेवा सहज र सरल रुपमा पुर्याउनुका साथै घातक रोग फैलिन बाट बचाउने ।

(३) विषादीको समुचित प्रयोग गर्दै वातावरण संरक्षणमा सहयोग पुऱ्याउने ।

## परिच्छेद २
## कार्यक्रम सञ्चालन प्रकृया

**४. यस कार्यक्रम अन्तर्गत देहाय बमोजिम कार्यक्रम सञ्चालन गरिने छ।**

(१) कार्यक्रम सञ्चालन हुने स्थान वडा समितिले प्रत्येक वडामा वडा कार्यालय बाहेक वडाको सम्पूर्ण क्षेत्र समेटिने गरी बढीमा दुई वटासम्म कार्यपालिका समक्ष सिफारीस गर्नेछ र कार्यपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) गाउँ घर बाली/पशुपन्छी उपचार केन्द्र तोकीएको स्थानमा कम्तिमा एक महिनामा एकपटक सञ्चालन गरिनेछ ।

(३) गाउँ घर बाली/पशुपन्छी उपचार केन्द्र सञ्चालन हुने मिति, स्थान र समयको बारेमा कृषकहरुलाई स्थानीय एफ. एम., रेडियो मार्फत जानकारी दिनु पर्नेछ ।

(४) गाउँ घर बाली/पशुपन्छी उपचार केन्द्र सञ्चालन अवधि १ दिनको हुनेछ ।

(५) यस कार्यक्रममा सहभागी कृषकलाई निःशुल्क प्राविधिक सेवा उपलब्ध गराइने छ र अन्य सुविधा उपलब्ध गराइने छैन।

(६) कृषकले ल्याएको बालीको नमूना/पशुपन्छी र कृषकसँग लिइएको जानकारीका आधारमा समस्या पहिचान गरी समाधानका उपायहरु कृषकले बुझ्ने गरी लिखित वा मौखिक रुपमा कृषकलाई उपलब्ध गराउनु पर्नेछ। उक्त दिन बाली नमूनाको/पशुपन्छीको रोग/ समस्या पहिचान हुन नसकेमा यथासक्य छिटो

उपयूक्त निकायमा नमूना पठाई समस्याको पहिचान गराई सम्बन्धित कृषकलाई उचित व्यवस्थापनका उपायहरु सहित जानकारी गराउने व्यवस्था गर्नु पर्नेछ।

(७) गाउँ घर बाली/पशुपन्छी उपचार केन्द्र प्लाण्ड/एनिमल क्लिनिक विशेषज्ञ वा तालिम प्राप्त प्राविधिक जनशक्तिको प्रत्यक्ष संलग्नतामा गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम सञ्चालन हुन नसकेमा प्लान्ट/एनिमल क्लिनीक सञ्चालकबाट सञ्चालन हुन सक्नेछ ।

(९) यो केन्द्र सञ्चालनका लागि जिल्ला स्थित कृषि विकास कार्यालय/ पशु अस्पताल तथा पशु सेवा कार्यालय तथा प्रदेशको एकीकृत कृषि प्रयोगशाला/ पशुपन्छी रोग अन्वेषण प्रयोगशाला सँग समन्वय गरी साझेदारीमा समेत सञ्चालन गर्न सकिने छ ।

**५. बजेट तथा आर्थिक पक्षः**

(१) यो कार्यक्रम सञ्चालन गर्न नगरपालिकाको कार्यालयले कृषि विकास शाखा/पशु सेवा शाखा मार्फत वार्षिक स्वीकृत कार्यक्रममा सालबसाली रुपमा बजेटको व्यवस्था गरिने छ ।बजेट व्यवस्था नभएको अवस्थामा अनुगमन खर्च शीर्षकबाट उपलब्ध गराइनेछ ।

(२) एक स्थानमा गाउँ घर बाली/पशुपन्छी उपचार केन्द्र सञ्चालन गरे बापत प्लान्ट/एनिमल क्लिनिक सञ्चालकलाई खाजा खर्च स्वरुप रु. ५०० र प्लान्ट/एनिमल क्लीनिक विशेषज्ञलाई खाजा तथा यातायात खर्च स्वरुप रु. ७०० दिईनेछ ।

## परिच्छेद ३
## अनुगमन तथा विविध

**६. अनुगमन तथा मूल्यांकनः**

(१) नगरपालिकाको कृषि विकास शाखा/पशु सेवा शाखा ले कृषि विकास कार्यालय/पशु अस्पताल तथा पशु सेवा कार्यालयको समन्वयमा यस कार्यविधी अनुसार सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

(२) नगरपालिकाको आर्थिक विकास समितिले अनुगमन गर्ने चाहेमा शाखाले सहजीकरण तथा व्यवस्थापन गर्नु पर्नेछ ।

(३) नगरपालिकाको कृषि विकास शाखा/पशु सेवा शाखा र कृषि विकास कार्यालय/पशु अस्पताल तथा पशु सेवा कार्यालयले अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

**७. प्रगति प्रतिवेदन पठाउनु पर्नेः** कार्यक्रमको प्रगति प्रतिवेदन प्लान्ट/एनिमल क्लिनिक सञ्चालकले त्रैमासिक रुपमा कृषि विकास शाखा/पशु सेवा शाखामा पेश गर्नु पर्नेछ ।

**८. संशोधनः** यस कार्यविधिमा आवश्यक संशोधन र हेरफेर गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।

**९. बचाउ तथा खारेजः**

(१) यस पूर्व कार्यकारी निर्यणबाट भए गरेको यस प्रकारका कामकारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(२) यस कार्यविधि बमोजिम नगरिएका कामकारबाही कानुनतः खारेजी हुनेछ ।

**आज्ञाले**

**ओम प्रकाश देवकोटा**

**प्रमुख प्रशासकीय अधिकृत**